आज मिति २०७८।०२।३१ गते प्र.जि.अ. श्री चन्द्र बहादुर शिवाकोटीको अध्यक्षतामा जिल्ला कोभिड -१९ व्यवस्थापन समितिको बैठक बसी देहायानुसार निर्णय गरियो ।

उपस्थिति

| | |
|---|---|
| श्री चन्द्र बहादुर शिवाकोटी, प्र.जि.अ., जि.प्र.का. | - अध्यक्ष |
| श्री चित्र बहादुर भट्टराई, प्र.ना.उ.,जि.प्र.का, | - सदस्य |
| श्री खुम बहादुर के.सी. .स.प्र.ना.उ,स.प्र.बल नं ४५ गुल्म | - सदस्य |
| श्री दिल बहादुर चौधरी, प्र.प्र.अ. रा.अ.जि.का. | - सदस्य |
| श्री जितेन्द्र कार्की, सह-सेनानी, सु.सें.मु. गमगमढी | - सदस्य |
| श्री शोभा चौलागाई, नि.जि.स.अ. | - सदस्य |
| श्री डा.कविर राज पौडेल, नि.स्वा.से.व्य., स्वा.से.का. | - सदस्य |
| श्री गणेशप्रसाद कोइराला, स.प्र.जि.अ., जि.प्र.का. | - सदस्य सचिव |

सल्लाहकार

श्री पूर्ण बहादुर रोकाया, प्रमुख, जिल्ला समन्वय समिति

अन्य उपस्थिति

श्री सुन्तला रोकाया, नगर उप प्रमुख, छायाँनाथ रारा नगपालिका, मुगु
श्री ,प्रतिनिधी, ने.क.पा. ऐमाले मुगु
श्री गजेन्द्र बहादुर मल्ल, सचिव, नेपाली काँग्रेस मुगु
श्री विर्ख बहादुर थापा (मानव प्रकाश), प्रतिनिधि, ने.क.पा. माओवादी केन्द्र, मुगु
श्री राजेन्द्र बहादुर शाही, प्रतिनिधि, जनता समाजवादी पाटी, मुगु
श्री शोभाकर पौडेल, प्र.प्र.अ. छायाँनाथ रारा नगपालिका, मुगु
श्री जय बहादुर मल्ल, सभापती, नेपाल रेडक्रस सोसाइटी, मुगु
श्री कमल बहादुर बुढा, अध्यक्ष, उद्योग वाणिज्य संघ, मुगु
श्री नृपेन्द्र बहादुर मल्ल, अध्यक्ष, नेपाल पत्राकार महासंघ, मुगु
श्री दिप बहादुर रावल, खो.सु. स्वास्थ्य सेवा कार्यालय, मुगु

निर्णयहरु

निर्णय नं १

कोभिड-१९ को रोकथाम एवं नियन्त्रणका सम्बन्धमा यस अघि DCMC बैठकले गरेका निर्णयहरु कार्यान्वयनको समिक्षा गरियो ।

निर्णय नं २

कोभिड-१९ (कोरोना भाईरस) को संक्रमण बढ्दै गएको अवस्थालाई गम्भिरता पूर्वक लिदै, उक्त भाईरस संक्रमणको फैलावटलाई रोक्न प्रमुख जिल्ला अधिकारीबाट मिति २०७८।२।३१ गते राति १२ बजेसम्म निषेधाज्ञा जारी गरिएकोमा संक्रमणको दर बढ्दै गहिरेको र मुगु जिल्ला अझै रेड जोनमा कायमै रहेको आधारमा उक्त निषेधाज्ञा अवधिलाई मिति २०७८।०३।१० गते राति १२ बजेसम्मका लागि निरन्तरता दिदै निम्न बमोजिम गर्ने/गराउने।

क. संचालन गर्न नपाइने सेवा तथा कार्यहरु

- अत्यावश्यक काम बाहेक घरबाट बाहिर ननिस्कने । निस्कनै पर्ने भएमा स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण पालना गरेर मात्र बाहिर निस्कने ।
- मेला, जात्रा, महोत्सव, पार्टी, भोज लगायत भिडभाड हुने कृयाकलाप तथा गतिविधीहरु गर्न नपाउने ।
- मठ मन्दिर, मस्जित, चर्च, गुम्बा लगायतमा नियमित पाठ पूजा बाहेकका मानिस जमघट हुने गरी पाठ पुजाको कार्यहरु तथा गतिविधीहरु नगर्ने ।
- बालबालिका, जेष्ठ नागरिक र दीर्घरोगीहरु बिरामी भई अस्पताल वा स्वास्थ्य संस्थामा जानु परेको अवस्थामा बाहेक घर बाहिर ननिस्कने ।
- सबै प्रकारका सभा, सम्मेलन, गोष्ठी, सेमिनार, सिनेमा हल, मनोरञ्जन स्थल, सैलुन, होटेल, ब्युटिपार्लर, जिमखाना, कवडहल, समुहमा खेल्ने खेलकुद, पुस्तकालय आदि सञ्चालन नगर्ने/नगराउने ।
- कोभिड-१९ को लक्षण देखिएमा वा त्यस्तै प्रकारका कुनै स्वास्थ्य समस्या देखा परेमा तुरुन्त नजिकैको स्वास्थ्य संस्था वा स्थानीय तहमा सम्पर्क राख्ने ।
- कोभिड-१९ बाट संक्रमित भएका व्यक्तिहरु, अनुमति लिई जिल्ला बाहिरबाट आउने प्रत्येक नागरिकहरुले अनिवार्य र सुरक्षित रुपमा १४ दिन सम्म आईसोलेसनमा बस्नु पर्ने ।
- विवाह कार्यक्रम गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गरी २ वटा गाडी सम्म प्रयोग गरी बढिमा १५ जनासम्म जन्तीको रुपमा सहभागी हुन पाउने र स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गर्दै २५ भन्दा बढी हुने गरी विवाह घर वा स्थलमा भेला हुन नपाउने ।
- व्रतबन्ध लगायतका समाजिक कार्य गर्दा स्वास्थ्य सुरक्षाको मापदण्ड पालना गर्दै बढीमा २५ जना नबढ्ने गरी गर्ने/गराउने ।
- मुगु जिल्ला भित्र सबै प्रकारका यातु बाहक एवम् निजी सावरी साधनहरु संचालन नगर्ने/ नगराउने । तर आकस्मिक रुपमा विरामी बोकि अस्पताल सम्म जान का लागि मात्र प्रयोग गर्न सकिनेछ ।
- सामाजिक परम्परा अनुसार दाह संस्कारका लिग मलामि जाँदा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गरी २५ जना भन्दा बढी जान नपाउने।
- स्वास्थ्य उपचार, खाद्यान्न, कृषि सामाग्री, तथा विकास निर्माण सामाग्रीको ढुवानी ओसारपसार को अवस्था बाहेक अन्य अवस्थामा एक स्थानीय तह देखि अर्को स्थानीय तहसम्म जान पूर्ण रोक लगाउने ।जानै पर्ने भएमा पूर्व स्वीकृति लिएर मात्र जाने ।

ख. संचालन गर्न पाइने सेवा तथा कार्यहरु

- मुगु जिल्ला भित्र रहेका अति आवश्यक सेवा प्रवाह गर्ने (बिजुली, संचार, खानेपानी, स्वास्थ्य आदी) कार्यालयहरुले न्यूनतम कर्मचारीहरु राखि आलोपालो गरि सेवा संचालन गर्ने ।
- संघ, प्रदेश र स्थानीय तहका अत्यावश्यक सेवा प्रदान गर्ने बाहेक अन्य कार्यालयहरुले आवश्यकता र औचित्यका आधारमा अति जरुरी देखिएमा चालु आ.व. का विकास निर्माण सँग सम्वन्धित कार्यहरुको अनुगमन मुल्यांकन र भुक्तानी प्रकृयालाई सहज बनाउन एवं अति जरुरी कार्यहरु देखिएमा न्यूनतम कर्मचारीको उपस्थितीमा स्वास्थ्य मापदण्ड अपनाई आंशिक कार्यसंचालन गर्ने ।
- बैंक तथा वित्तिय संस्थाहरुले नेपाल राष्ट्र बैंकले जारी गरेको निर्देशन बमोजिम सेवा संचालन गर्ने ।
- औषधि तथा स्वास्थ्य सामाग्रीहरु बिक्रि गर्ने पसलहरु खुला गर्ने ।
- खाद्यान्न, फलफुल, तरकारी, पानी, मासुजन्य पसल, दुग्धजन्य पसल, ग्यास लगायतका अत्यावश्यक एबम् दैनिक उपभोग्य बस्तुका पसलहरु र योजना/ आयोजनामा प्रयोग हुने निर्माण सामाग्रीहरु बिक्रि वितरण गर्ने पसल, पुस्तक पसलहरु, कृषि र पशुपालनसंग सम्वन्धि मल, विउविजन, विरुवा, किटनाशक औषधि र पशु आहार बिक्री गर्ने पसलहरुमा स्वास्थ्य सुरक्षाको मापदण्डको पूर्ण पालना गर्ने गरी विहान ६ बजे देखि १२:०० बजेसम्म मात्र खुला राख्न पाउने ।
- एम्बुलेन्स, शव बहान, दमकल, फोहोर मैला व्यवस्थापनमा प्रयोग हुने साधन, खाद्यान्न, स्वास्थ्य समाग्री, निर्माण सामाग्री , पाठ्यपुस्तक बोकेका सावारी साधनहरु, कुरियर तथा डाँक सेवा निर्वाधरुपमा संचालन गर्ने ।
- विकास निर्माणमा संलग्न कामदारलाई भौतिक तथा समाजिक दुरी कायम गराई स्वास्थ्य सुरक्षाका मापदण्डहरुको पालना गरी गराई काममा लगाउने । कार्यस्थलमा काम गराउँदा मास्क, पन्जा, स्यानिटाइजर वा हात धुने साबुन पानीको व्यवस्था सम्वन्धित व्यवसायी वा रोजगार दाताले उपलब्ध गराउनु पर्ने ।
- उद्योग धन्दा, कलकारखाना संचालन गर्दा आवासिय रुपमा श्रमिक/कामदारहरुले स्वास्थ्य सुरक्षाका मापदण्डको पूर्ण परिपालन गर्ने गरी संचालन गर्ने ।

निर्णय नं ३

हाल बढ्दै गइरहेको नयाँ भेरोयन्ट सहितको कोभिड-१९ कारण जिल्लामा हुन सक्ने खाद्यान्न अभाव लगायत बजार व्यवस्थापनमा हुन सक्ने असहजीकरणलाई व्यवस्थित बनाउन जिल्लाभरमा खाद्यान्न मौज्दातको अवस्था, मुल्य अभिवृद्धी, कालो बजारी नियन्त्रण लगायत समग्र बजार अनुगमनका लागि उधोग वाणिज्य संघ मुगुलाई जिम्मेवारी दिने र सो को समग्र प्रतिवेदन जिल्ला प्रशासन कार्यालय मुगुलाई उपलब्ध गराउने ।

निर्णय नं ४

मनसुनको समय सुरुवात हुँदै गर्दा चारवटै स्थानीय तहहरुले आफ्नो पालिकाभित्र रहेका स्थानिय विपद् व्यवस्थापन समितिलाई सक्रिय बनाई विपद न्यूनीकरण गर्न विपद् पूर्व तयारी कार्ययोजना तयार पारी सूचना संकलन सम्प्रेषण लगायतका कृयाकलाप मार्फत आम नागरिकलाई सूसुचित गरी उच्च सतर्कता अपनाउने ।

२०७८/०२/१३